दश

# दलित महिला रेडियोकर्मीका चुनौती : कपिलवस्तु र रुपन्देहीको अध्ययन

**सोना खटिक**

## परिचय

पश्चिम तराईका कपिलवस्तु र रुपन्देही जिल्लामा गरिएको यो अध्ययनले त्यस क्षेत्रका सामुदायिक एफएम रेडियोमा दलित महिला रेडियोकर्मीको अवस्था देखाउँछ । अन्य माध्यमको तुलनामा नेपालका एफएम रेडियोमा महिला पत्रकारको सहभागिता उत्साहजनक छ । कुल १,१४३ जना महिला पत्रकारको सहभागिताबीच सञ्चारिका समूहले गरेको एक सर्वेक्षण अनुसार महिला रेडियोकर्मीको संख्या झन्डै दुई तिहाई अर्थात् ६२.१ प्रतिशत छ । यसमा आधाभन्दा बढी हिस्सा अर्थात् ५१.८ प्रतिशत ब्राह्मण-क्षत्री समुदायका महिलाको छ भने दलित महिलाको संख्या ७ प्रतिशत छ (सञ्चारिका समूह सन् २०१६ : १८–१९) । प्रस्तुत अध्ययनले देखाए झैँ रेडियोमा दलित महिलाको सहभागिता ज्यादै न्यून छ । यो वा अन्य कुनै अध्ययनले सामुदायिक रेडियोमा कार्यरत महिलाबारे छुट्टै तथ्यांक निकालेका छैनन् । यद्यपि, नेपालमा सामुदायिक वा व्यावसायिक रेडियोको सञ्चालनको कार्यशैली खासै भिन्न नभएकोले के भन्न सकिन्छ भने सामुदायिक रेडियोमा दलित रेडियोकर्मीको प्रतिनिधित्वको अवस्था पनि समग्र रेडियोको भन्दा खासै भिन्न छैन ।

सामुदायिक रेडियो प्रसारक संघको वेबसाइटमा उल्लेख गरिएको तथ्यांक अनुसार देशभर ३५० भन्दा बढी सामुदायिक रेडियो सञ्चालनमा छन् र सामुदायिक रेडियोको

उपस्थिति ७७ ओटै जिल्लामा छ ।[१] कपिलवस्तु र रुपन्देही जिल्लामा भने क्रमशः १२ ओटा र ७ ओटा सामुदायिक रेडियो छन् । यस अनुसन्धानका क्रममा २०७५ को शुरूआतमा तथ्यांक लिँदा यी १९ ओटा सामुदायिक रेडियोमा करिब ४५ जना महिला रेडियोकर्मी कार्यरत थिए । तीमध्ये कपिलवस्तुमा २० जना र रुपन्देहीमा २५ जना थिए । त्यस्तै, यी दुई जिल्लामा कार्यरतमध्ये यो अध्ययन गरिरहेको समयमा म आफू सहित जम्मा चार जना (रुपन्देहीमा एक र कपिलवस्तुमा तीन जना) रेडियोकर्मी महिला दलित समुदायका छन् ।[२] कार्यरत दलित महिला रेडियोकर्मी (दमरे) मध्ये एक जना (उजेली विश्वकर्मा, रेडियो मायादेवी) कार्यक्रम सञ्चालक, एक जना (कल्पना रसाइली, समानता एफएम) समाचार वाचक, एक जना (शशि परियार, रेडियो जागरण) कार्यक्रम संयोजक र एक जना (यो लेखक आफै, रेडियो कपिलवस्तु) स्टेसन म्यानेजर हुन् ।[३]

कपिलवस्तु र रुपन्देहीका सामुदायिक रेडियोमा कार्यरत (म आफू बाहेक) तीन जना तथा पहिले काम गरेर छाडेका अरू दुई जना (शान्ता परियार, शिवराज एफएम र निशा विश्वकर्मा, रेडियो भ्वाइस एफएम) गरी पाँच जना रेडियोकर्मीको अवस्था, अनुभव र भोगाइ नै यो अध्ययनको मुख्य आधार हो ।[४] यस बाहेक यी दुई जिल्लाका रेडियोमा कार्यरत तीन जना स्टेसन म्यानेजर र दुई जना गैरदलित रेडियोकर्मी महिलासँग पनि कुराकानी गरी केही जानकारी लिइएको थियो । दमरेहरूसँग उनीहरूको रेडियो प्रवेशको पृष्ठभूमि, रेडियोमा काम गर्दाको अवस्था तथा रेडियोले प्रदान गरेका अवसर र उनीहरूको पेशागत जीवनको समग्र

[१] https://www.acorab.org.np/index.php?pagename=member&page=1; मंसिर ३, २०७६ मा हेरिएको ।

[२] यो लेखमा "रेडियोकर्मी" भन्नाले रेडियो स्टेसनमा काम गर्ने कार्यक्रम सञ्चालक, रिपोर्टर, प्राविधिक, बजार प्रतिनिधि, समाचार वाचक, समाचार प्रमुख, कार्यक्रम प्रमुख र स्टेसन म्यानेजरलाई बुझाउँछ ।

[३] यो म आफैँले संकलन गरेको तथ्यांक हो । म कपिलवस्तुमा अवस्थित सामुदायिक रेडियो "रेडियो कपिलवस्तु" मा स्टेसन म्यानेजरको रूपमा कार्यरत छु । यहाँ संख्यामा आफूलाई समेत गणना गरिएको भए पनि मैले आफ्नो भोगाइ र अनुभव प्रस्तुत नगरिकन अन्य दमरेसँगका कुराकानीबाट प्राप्त जानकारीलाई प्रस्तुत गरेको छु । यद्यपि विश्लेषणका क्रममा यस क्षेत्रमा मेरो आफ्नै लामो अनुभव र भोगाइले पनि कुनै न कुनै रूपमा प्रत्यक्ष वा परोक्ष प्रभाव पारेको म स्वीकार गर्छु । रेडियोको मेरो यात्राबारे म आफैँले वा मेरोबारे अरूले लेखेका लेखका लागि विभास (२०७५), पौडेल (२०७५), खटिक (२०७६), केसी (सन् २०१९) र द वर्ल्ड बैंक (सन् २०१८) हेर्न सक्नुहुनेछ ।

[४] रेडियो छोडेको बेलामा शान्ता परियार कार्यक्रम सञ्चालक (दश वर्षदेखि) थिइन् भने निशा विश्वकर्मा स्टेसन म्यानेजर (४ महिनादेखि) थिइन् ।

यात्रामा भोगेका चुनौतीबारे जानकारी लिन भदौ–चैत २०७५ सम्मका विभिन्न मितिमा पटक-पटक विस्तृत कुराकानी गरिएको थियो । त्यस्तै, रेडियोको समग्र व्यवस्थापनको नेतृत्व गर्ने स्टेसन म्यानेजरसँग रेडियोको कर्मचारी छनोट, जिम्मेवारी बाँडफाँट तथा अन्य सेवा सुविधा तथा क्षमता अभिवृद्धिको अवसर प्रदान गर्ने नीति र अभ्यासबारे पनि केही कुराकानी गरिएको थियो । गैरदलित रेडियोकर्मी महिलासँग भने दमरेहरूको अवस्थासँग उनीहरूको अवस्था तुलना गर्दा के कस्तो भिन्नता देख्न सकिन्छ भनेर जान्नका लागि वार्ता गरिएको थियो ।

सामुदायिक रेडियोमा कार्यरत दमरेहरूको अध्ययनबाट उनीहरूको सामाजिक अवस्था र चेतनाका कारणले रेडियो प्रवेश सहज नभए पनि रेडियोमा प्रवेशपछि कार्यक्रम सञ्चालकका रूपमा तिनको सामाजिक प्रतिष्ठा बढेको अर्थात् समाजले उनीहरूलाई हेर्ने नजर बदलिएको देखिन्छ । तर सामुदायिक रेडियोभित्रै भने उनीहरूले कथित उच्च जातका अन्य सहकर्मीले भन्दा बढी मेहेनत गर्दा वा क्षमता प्रदर्शन गर्दा पनि समान रूपले वृत्ति विकासको अवसर नपाएको तीतो अनुभव सँगालेका छन् । अन्य जागिरको तुलनामा रेडियोलाई कर्मक्षेत्र बनाउँदा आर्थिक रूपले आत्मनिर्भर हुन नसके तापनि एक दिन रेडियोलाई माध्यम बनाएर आफू र आफ्नो समुदायले सामाजिक रूपमा भोगेका विभेद र अपहेलना विरुद्ध आवाज उठाउने तथा आफ्नो समुदायलाई जागरुक पार्न सकिने आशाले रेडियो प्रतिको आकर्षण कायम रहेको तथ्य यस लेखले उजागर गरेको छ । एकाध अपवाद बाहेक रेडियोमा काम गर्दा बोल्ने सीप, क्षमता र आत्मविश्वास बढे पनि त्यसमा अत्यधिक समय दिनुपर्दा आफ्नो शैक्षिक योग्यता बढाउने वातावरण पनि नमिलेको गुनासो दमरेहरूले गरेका छन् ।

यो लेखमा परिचय र निष्कर्ष बाहेक तीन खण्ड छन् । पहिलो खण्डमा दमरेहरूको सामाजिक-आर्थिक पृष्ठभूमिबारे चर्चा छ । दोस्रो खण्डमा उनीहरूलाई रेडियोमा प्रवेश गर्न उत्प्रेरणा जगाउने तत्त्व तथा प्रवेशको पृष्ठभूमिबारे जानकारी छ । र, तेस्रो खण्डमा रेडियोमा प्रवेश गरिसके पछिको अवस्था र त्यहाँ काम गर्ने वातावरणबारे चर्चा गरिएको छ । खास गरी रेडियोमा दमरेहरूले के कस्तो भूमिकामा काम गरे, उनीहरूलाई सहकर्मी र रेडियोको व्यवस्थापनले कसरी हेऱ्यो र आर्थिक रूपमा उनीहरूले रेडियोमा काम गरेर के हासिल गर्न सके वा सकेनन् भन्ने सन्दर्भ यस खण्डमा उठाइएको छ ।

## सामाजिक-आर्थिक पृष्ठभूमि

यो अध्ययनमा समावेश भएका दमरेहरूका परिवारमध्ये, परियारको लुगा सिउने, विश्वकर्मा र रसाइलीको फलामको काम गर्ने तथा खटिकको पेशा बंगुर पाल्ने र मासु बेच्ने पुर्ख्यौली पेशा हो । तर अहिले दलित समुदायका मानिस यस्तो पुराना पेशामा कमै संलग्न छन् । यिनै पेशा अँगालिरहेकाहरूको पनि यस्तो परम्परागत पेशाले परिवार धानेको छैन । दमरेहरूका

परिवार मूलतः विपन्न नै छन् । अहिले कसैको परिवार लेखापढी र राजनीतिमा त कसैको परिवार खेतीबारी र वैदेशिक रोजगारमा लागेका छन् । उनीहरूका छोराछोरीको पनि पेशा बदलिइसकेको छ । यही क्रममा उनीहरू रेडियोमा काम गर्न आइपुगेका हुन् ।

दलित महिला रेडियोकर्मी शान्ता परियारको परिवारको मुख्य पेशा घरमै कपडा सिउने हो । उनीहरूको थोरै खेतीपाती भए पनि त्यसले खासै आर्थिक भरथेग गर्दैनथ्यो । परिवारमा बुबा एकजना बाहेक कमाउन सक्ने कोही थिएनन् । कपडा सिलाए बापत मासिक रूपमा पाइने चार-पाँच हजार रुपैयाँले घर खर्च धान्न धौ-धौ पर्थ्यो । त्यसमा पनि शान्ताका दाजु छिट्टै बिहे गर्दै आमाबुबाबाट छुट्टिएर बसे । कान्छो दाजु जन्मै अपांग । शान्ताकी दिदी पनि बिरामी हुँदा आर्थिक संकट भयो । घरमा यस्तो संकट भए पनि शान्ताका बुबाआमाले उनलाई पढाए । त्यस्तो अवस्थामा पनि पढाइएकोले शान्तालाई अब लेखपढसँगै केही गर्नुपर्छ र घरमा बुबालाई आर्थिक भरथेग दिनुपर्छ भन्ने मनमा लागेको थियो । त्यसै क्रममा उनी फागुन २०६४ मा रेडियोमा प्रवेश गरेकी हुन् ।

फागुन २०६४ देखि नै रेडियोमा काम गर्न थालेकी शशि परियारका बुबा बितेपछि लुगा सिलाउने पुर्ख्यौली पेशा बुबासँगै गयो । बुबाको शेषपछि खेतीकिसानीले जेनतेन धानिएको परिवारमा दाइले बहिनीलाई भरथेग गरे । बुबा बितेपछि आर्थिक स्रोत जुटाउने उनैमात्र थिए । बहिनीलाई पनि केही काम गराएमा परिवार चलाउन सजिलो होला कि भन्ने उनको इरादा थियो । यही पारिवारिक परिवेशमा उनी दमरे भएकी हुन् ।

अर्की दमरे हुन् कल्पना रसाइली । उनी २०७३ सालदेखि रेडियोमा काम गर्दै आइरहेकी छन् । उनका बुबा वैदेशिक रोजगारका सिलसिलामा कतारमा करिब दश वर्ष बसेर २०७४ सालमा घर फर्किए । उतैको कमाइले उनका बुबाले पूर्व-पश्चिम लोकमार्गमा पर्ने चन्द्रौटा बजारमा ग्रिलको पसल चलाउँदै आएका छन् । उनका बुबाआमा साक्षर छन् । बिहे भइसकेकी दिदीले बी.एड. पढेकी छिन् भने उनी १२ कक्षा अध्ययनरत छिन् । अर्की दमरे निशा विश्वकर्माको परिवारमा दुई छोराछोरी, श्रीमान् र आफू गरी चार जना छन् । श्रीमान् सामाजिक संघसंस्थामा काम गर्दागर्दै अहिले शिवराज नगरपालिकामा मनोनीत नगर कार्यपालिकाका सदस्य भएका छन् भने उनीहरूका छोराछोरी सानै छन् । उनी २०६० जेठदेखि २०७० असारसम्म रेडियोमा संलग्न रहिन् ।

अर्की दमरे उजेली विश्वकर्मा भने तुलनात्मक रूपमा हुनेखाने परिवारमा जन्मिएकी हुन् । जमिनदारको परिवारमा जन्मिए तापनि उनको परिवार पनि सामाजिक विभेदबाट मुक्त थिएन । आर्थिक रूपमा कमजोर अन्य दमरेका परिवारका सदस्य गैरदलितका घरमा खेताला, हरुवा, चरुवाका रूपमा बस्ने भएकाले उनीहरूमाथि चरम विभेद हुन्थ्यो । तर आर्थिक रूपमा हुनेखाने उजेलीको परिवारले पनि सामाजिक विभेद भोग्दै आएको थियो । कुराकानीको क्रममा उजेली विश्वकर्माले १५ वर्षअघि भएको विभेदको घटना सुनाइन् ।

गैरदलितहरू उनीहरूको घरमा खेताला र हलीको रूपमा काम गर्थे । खेताला र हलीको पारिश्रमिकका रूपमा पैसा, धान, चामल र गहुँ दिने गरिन्थ्यो । उनीहरूले ती चिज सहजै स्वीकार गर्दथे तर उजेलीको परिवारले छोएको पानी वा पकाएको खानेकुरा भने तिनले स्वीकार्दैनथे । उनीहरू उजेलीको खेतमा काम गर्न आउँदा आफ्नै भाँडामा खाना र पानी बोकेर आउँथे । उनको घरमा पनि पस्दैनथे । उनले एक दिनको घटना पनि सुनाइन् ः

> एक दिन खेतमा गएका बेला हलियाहरूले ल्याएको भाँडाको पानी मैले अञ्जानवश आफै झिकेर खाएँ । त्यो देखेपछि उनीहरूको शरीरमा रगत उम्लियो । 'हाम्रो पानी आफै झिकेर खाइदिने ?' भन्दै त्यहीँ गालीगलौज गर्दै हप्काउन थाले । खेतमै भनाभन भयो । अन्तमा म पनि रिसको झोकमा उभाएको जगको पानी तिनीहरूकै मुखमा छ्यापेर घर आएँ । त्यसपछि त के चाहियो र ! सबै मजदुर एकजुट भएर हामीलाई कसरी अपमानित गर्ने र बदला लिने भनेर लागिपरे । सोही दिन साँझमा घरमा हलिया, मजदुर, गाउँका केही अन्य गैरदलित र मेरो बुबा तथा परिवारबीच बैठक बस्यो । बैठकमा मैले गरेको व्यवहारका लागि बुबालाई सार्वजनिक रूपमा माफी मगाइयो । अर्को दिनदेखि नै ती कामदार र हलियाहरूले हाम्रो खेतमा काम गर्न छाडे र खेत बाँझै रह्यो ।

उजेलीको विवाह भएको घरको पनि आर्थिक अवस्था राम्रै छ । घरका सदस्यहरू कृषि तथा व्यापार व्यवसायमा आबद्ध छन् । पारिवारिक आर्थिक अवस्था राम्रो रहेका कारण उजेलीलाई परिवार पाल्न आफैँले कमाउनुपर्ने बाध्यता छैन ।

उजेली बाहेक अन्य दमरेको पारिवारिक/आर्थिक अवस्था कमजोर नै देखिन्छ । यसबाट स्पष्ट हुन्छ—यी रेडियोकर्मीको परिवार सानोतिनो रोजगार वा पेशा व्यवसाय र ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दै आइरहेका छन् । यस अध्ययनको क्रममा कुरा गरिएका दमरेहरूमध्ये एक जनाको परिवार मात्रै स्थानीय तहमा जनप्रतिनिधि रहेका छन् भने अन्यको परिवारले कुनै सरकारी पद प्राप्त गरेको छैन । ती एक जना पनि अहिलेको संवैधानिक व्यवस्था अनुसार स्थानीय तह समावेशी हुनुपर्ने हुनाले मात्रै मनोनीत भएका हुन् भन्नेमा शंका छैन ।

## रेडियोमा प्रवेशको कारण र पृष्ठभूमि

जो कोहीले पनि शिक्षालाई आफ्नो भविष्यको पेशा वा व्यवसायसँग जोडेर हेर्ने गर्छन् । हाम्रो समाजमा कमाउने पेशा र बाँच्ने लक्ष्यलाई एकसाथ जोडेर हेर्नेहरू भने निकै कम छन् । आर्थिक रूपमा सम्पन्नहरू पहिले निश्चित शैक्षिक योग्यता पूरा गरी पेशा वा

व्यवसायमा प्रवेश गर्छन् । आर्थिक रूपले आफ्नो वा परिवारको खर्च धान्न कुनै न कुनै काम गर्नुपर्ने बाध्यतामा पर्नेहरू कि काम गर्दै पढाइलाई निरन्तरता दिन्छन् कि भने पढाइ छाडेर कमाउनतिर लाग्छन् । जातीय विभेद, छुवाछूत र कुरीतिले पिरोलिएका दमरेहरू जागिर खाने उद्देश्यले मात्रै नभई विभेद विरुद्धको आवाज उठाउन पाउने लालसामा पनि रेडियोमा प्रवेश गरेका छन् । काम गरी साँझ बिहानको छाक टार्नु त छँदैछ, रेडियोमै काम गर्न पाइयो भने आफू र आफ्नो समुदायले भोगेका सामाजिक विभेद र छुवाछूत विरुद्ध पनि आवाज उठाउन पाइन्छ भनेर आफू रेडियोप्रति आकर्षित भएको केहीले बताएका छन् ।

अध्ययनमा समेटिएका सबै पाँच जना उत्तरदाताले कक्षा ११ वा १२ पढ्दै रेडियोमा प्रवेश गरेका हुन् । तीमध्ये दुई जनाले सामाजिक विभेद विरुद्धको आवाज उठाउन रेडियोमा लागेको बताए । उनीहरूका अनुसार अर्थोपार्जनका अरू पनि विकल्प हुनसक्थ्यो होला तर रेडियो नै रोज्नुको कारण भने आफ्नो आवाज अभिव्यक्त गर्न र जनचेतना जगाउनमा यसको प्रभावकारिता देखेरै हो । अझ सामुदायिक रेडियो त आवाज विहीनहरूको आवाजलाई ठाउँ दिने माध्यम हो भन्ने उनीहरूले सुनेका थिए । बाँकी तीन जनाले भने आफ्नो र परिवारका आर्थिक आवश्यकतालाई पूर्ति गर्दै पढाइलाई पनि अगाडि बढाउन रेडियोमा काम गर्न शुरू गरेको बताए ।

उजेली विश्वकर्मालाई उनको बुबाले शिक्षक बनाउने ठूलो सपना देखेका थिए । छोरी दश कक्षा पास भई कक्षा ११ मा पढ्न थाल्दा उनले एउटा विद्यालयमा समेत जागिरका लागि कुराकानी मिलाइसकेका थिए । बिहानको कक्षा लिएर दिनभर फुर्सद हुने उजेली फुर्सद हुँदा घरमै रेडियो सुनेर बस्थिन् । जति जति रेडियो कार्यक्रम सुन्यो उति उति आफू पनि रेडियोमा काम गर्न पाए हुन्थ्यो भन्ने हुटहुटीले उनलाई सताउँथ्यो । रेडियोमा कसैले अन्तर्वार्ता गरिरहेको उनलाई एकदमै मन पर्थ्यो र आफू पनि कहिले यस्तो बन्न सक्ने होला भनेर मनमा कुरा खेलाउँथिन । त्यसैले उनले शिक्षकमा जागिर खाने बुबाको प्रस्ताव अस्वीकार गरिन् । र, आफूले भोगेको जातीय विभेदको कुरा उठाउन शिक्षक होइन पत्रकार बन्ने लक्ष्य लिएर रेडियोमा काम गर्ने सोच बनाइन् । आफूले गैरदलितको पानी छोइदिएकै निहुँमा अपमानित हुनुपरेको र बुबाले सार्वजनिक रूपमा माफी माग्नुपरेको पीडा उनको मनमा खिल बनेर गढेको थियो । यसका अलावा आफ्ना सहपाठीको उत्प्रेरणाले पनि रेडियोमा प्रवेश गर्न उनलाई हौस्याएको थियो । कक्षा ११ मा पढ्ने एक जना गैरदलित सहपाठी गोविन्द बरालले रेडियोमा काम गर्न उनलाई हौसला दिएका थिए । त्यसको कारण भने उजेलीको आवाज थियो । रेडियो कार्यक्रममा बज्ने अरूको जस्तै उनको आवाजमा पनि मिठास र आत्मविश्वास थियो । त्यसैले उनका साथीले “तिमी रेडियोमा बोल्न सक्छौ, रेडियोमा तालिम खुल्ने वित्तिकै प्रशिक्षण लेऊ” भने । साथै, दलित समुदायको आवाज उठाउन उजेलीजस्तै मान्छे रेडियोमा जानुपर्छ भनेर प्रेरित गरिरहे ।

आफ्नै अठोट र साथीको हौसलाले उजेली २०६६ सालमा नेपाल पत्रकार महासंघ, नवलपरासी र श्रुतिसंघ विद्यालयको संयुक्त आयोजनामा सोही विद्यालयमा आयोजना गरिएको उद्घोषण तालिम लिन पुगिन् । सो तालिममा सामुदायिक रेडियो परासीका स्टेसन म्यानेजरलाई पनि प्रशिक्षकका रूपमा निम्त्याइएको थियो । उक्त तालिममा उजेलीको क्षमता पहिचान गरी उनैले आफ्नो स्टेसनमा काम गर्न छनोट गरेका थिए । बुबाको इच्छा विपरीत कदम चालेकीले तालिमका लागि आवश्यक रकम बुबासँग माग्ने आँट उनले गरिनन् । त्यसको जोहो पनि साथीले नै गरिदिए । तालिम पश्चात् *सांगीतिक यात्रा* नामक कार्यक्रम केही समय (३ अंक) चलाएपछि उनलाई शिक्षा मूलक कार्यक्रम *दलित जागरण* सञ्चालनको जिम्मा दिइयो । सांगीतिक कार्यक्रममा गीत बजाउँदै बीच-बीचमा थोरै बोल्नुपर्दथ्यो भने *दलित जागरण* कार्यक्रममा दलितका विभिन्न मुद्दामाथि सूचना, विचार, अनुभव तथा अन्तर्वार्ता समेट्नु पर्दथ्यो । उनले रेडियोमा बोल्न थालेपछि भने उनका बुबा निकै खुसी भएका थिए ।

शशि परियार आफ्नो परिवारको आर्थिक आवश्यकता पूरा हुने आशाले रेडियोमा प्रवेश गरेकी हुन् । पाल्पाको बासिन्दा रहेका दलित अगुवा एवं पत्रकार सुभाष दर्नालको प्रगति देखेर शशिकी आमाले छोरीलाई पनि सुभाषजस्तै बनाउन खोजेकी थिइन् । युवावस्थामै देहान्त भएका सुभाष नाताले शशिका काका पर्थे । एक हिउँदमा शशिकी आमाले सुभाषलाई भनिन्, "हाम्री शशिलाई पनि रेडियोमा काम लगाइदिनुपर्‍यो ।" त्यसको करिब ५ महिनापछि सुभाष दर्नालले नेतृत्व गरेको जागरण मिडिया सेन्टरद्वारा रुपन्देहीको बुटवलमा सञ्चालित रेडियो जागरणले दश दिने तालिम आयोजना गरेको थियो । उक्त तालिममा आधारभूत पत्रकारिताको जानकारी तथा रेडियोमा कार्यक्रम सञ्चालन गर्ने र समाचार लेख्ने तथा बोल्ने तरिका सिकाइएको थियो । रेडियोमा दलितको उपस्थिति एवं विषयवस्तु बढाउने उद्देश्यले खुलेको सो रेडियोले सहभागीहरूलाई निःशुल्क तालिम दिएको थियो । तालिम पश्चात् छानिएका सहभागीलाई सोही रेडियोमा काम गर्ने अवसर पनि दिइएको थियो । तालिम सकेपछि शशिले रेडियो जागरणमै काम गर्ने मौका पाइन् । शशि एक दशकदेखि रुपन्देहीको रेडियो जागरणमा निरन्तर काम गरिरहेकी छन् ।

शशिले आफ्नी साथी शान्ता परियारलाई पनि तालिमबारे जानकारी गराएर तालिममा सहभागी हुन उक्साइन् । शान्ता खासमा नर्स बन्न चाहन्थिन् । तर घरको आर्थिक दुरअवस्थाले उनको सपना पूरा हुने सम्भावना थिएन । आफ्नो पढाइ खर्च जोहो गर्न र परिवारलाई पनि केही आर्थिक सहयोग गर्न सकिन्छ कि भन्ने आशा शान्तामा थियो । उनले पनि तालिम सकिएपछि रेडियो जागरणमा शशिसँगै काम गरिन् ।

त्यस्तै, अन्य दुई जना दमरेहरू सेयर लगानी मार्फत रेडियोमा प्रवेश गरेका हुन् । सहकारी स्थापना गरेर त्यस मार्फत खोलिएका सामुदायिक रेडियोमा सेयर सदस्यहरू

रेडियोका सदस्य हुने गर्छन् । कल्पना रसाइलीकी दिदीले पनि सेयर राखेकी थिइन् । लामो समयदेखि पत्रकारितामै लागेका पत्रकार चिन्ता परियारसँग कल्पनाकी दिदीको पहिलेदेखि चिनजान थियो । रेडियो सञ्चालनको लागि सेयर लगानी गर्न चिन्ता परियारले अनुरोध गरेपछि कल्पनाकी दिदीले कपिलवस्तुको रेडियो शिवराज एफएममा लगानी गरिन् । दिदीले सेयर लगानी गरेपछि कल्पनाले सोही रेडियोमा काम पाएकी हुन् ।

अर्की रेडियोकर्मी निशा विश्वकर्माको कथा भने अलि फरक छ । निशाको माइती पोखरा हो । पोखरामा छँदै साथी मार्फत एउटा पत्रिकाको सम्पादक तथा रिपोर्टरसँग उनको भेटघाट भयो । उनले शुरूमा उक्त पत्रिकामा टाइपिस्टको काम गरिन् । पछि पोखराकै रेडियो अन्नपूर्णले कार्यक्रम सञ्चालकको आवश्यकता सम्बन्धी विज्ञापन निकाल्यो । उनले आवेदन दिइन् र लिखित तथा मौखिक परीक्षा पास गरिन् । उनले २०६१ सालमा कार्यक्रम सञ्चालकको रूपमा नियुक्ति पाइन् । उनले रेडियोमा कार्यक्रम सञ्चालनका साथै विज्ञापनमा बोल्ने, घण्टा-घण्टामा समाचार पढ्ने काम पनि गरिन् ।

निशाले रेडियो अन्नपूर्णमा तीन वर्ष काम गरिन् । त्यसैबीच २०६३ सालमा बिवाह भएर उनी कपिलवस्तुमा आइन् । विवाहपछि पनि रेडियोमा काम गर्ने उनको धोको बाँकी नै थियो । त्यस बेला कपिलवस्तुमा कुनै रेडियो स्टेसन नभएकोले घरबाट ७० किलोमिटर टाढाको रेडियो लुम्बिनी (रुपन्देही) मा साप्ताहिक कार्यक्रम सञ्चालकको रूपमा एक वर्ष काम गरिन् । उनले २०६६ सालमा संघसंस्थासँग समन्वय गरेर आफ्नै पहलमा कार्यक्रम बनाउने र बजाउने सम्झौता गरिन् । यसरी नै कपिलवस्तुको दोस्रो सामुदायिक रेडियो बुद्ध आवाजमा एक वर्षसम्म कार्यक्रम चलाइन् । एक वर्षपछि उनले उक्त रेडियोमा काम गर्न छाडेर २०६९ सालमा आफ्नै पहलमा रेडियो भ्वाइस स्थापना गरिन् । त्यस क्रममा उनले सो रेडियो स्थापनाका लागि आर्थिक स्रोत जुटाउने, सञ्चार मन्त्रालयबाट रेडियो सञ्चालनका लागि इजाजत लिने काममा अगुवाइ गरिन् ।

दमरेहरूमा प्रायःजसो कोही रहरले या कोही बाध्यता वा अरूको प्रेरणाले रेडियोमा काम गर्न पुगेका छन् । कसैले त्यसैलाई पेशा बनाएर लगानी समेत गरेका छन् । रेडियोमा काम गर्दै जाने क्रममा उनीहरूले पत्रकारितासँग सम्बन्धित विभिन्न तालिम गोष्ठी र सेमिनारमा अवसर पाएसम्म सहभागी हुँदै पत्रकारिताको सीप र क्षमतामा वृद्धि गर्दै गएको पाइन्छ । आफ्नो जिल्लामा पत्रकारिता विषयसँग सम्बन्धित उच्च तहको औपचारिक पढाइ नभएका कारण इच्छा भएर पनि उनीहरूले त्यस अनुसारको शैक्षिक योग्यता हासिल गर्न पाएका छैनन् । केहीले सामान्य उद्घोषण वा आधारभूत पत्रकारिता सम्बन्धी छोटा तालिम लिए पनि स्तरीय तालिमको अवसर नपाउँदा उनीहरूले मुख्य जिम्मेवारी पाउन सकेका छैनन् । कपिलवस्तुमा पत्रकारिता पढाउने कलेज छैन । रुपन्देहीको बुटवलमा भने उच्च माध्यमिक तहमा (कक्षा ११–१२) पत्रकारिता पढ्न पाइन्छ तर बुटवल बाहिरबाट आउनेका लागि त्यो

सहज विकल्प भएन । उसै आर्थिक रूपमा कमजोर दलित परिवारले आफ्ना छोरीहरूलाई बुटवलमा डेरा लिएर पत्रकारिता पढाउने सामर्थ्य राख्दैनन् । यसले गर्दा पत्रकारिता सम्बन्धी ज्ञान नै हासिल गरेर यस क्षेत्रमा लाग्ने सम्भावनालाई घटाएको छ ।

## रेडियोमा काम गर्दाको अवस्था

दमरेहरू रेडियोमा प्रवेश गर्नुको पछाडि रहेको आकर्षण कि त दाम हो कि नाम हो भन्ने प्रसंगबारे माथि नै चर्चा भइसक्यो । आफ्नो दैनिक आवश्यकता पूरा गर्न चाहिने आर्थिक स्रोतको जोहो गर्न केहीले रेडियो रोजे । उनीहरूलाई उनका अभिभावकले वा उनीहरूले तिनका अभिभावकलाई त्यसरी नै मनाए । त्यस्तै, केहीको सन्दर्भमा रेडियोको शक्ति प्रयोग गरी समाजमा जातीय विभेद र छुवाछूत विरुद्ध चेतना जगाउने प्रमुख उद्देश्य रह्यो । यस खण्डले रेडियोमा काम गरेर सामान्य गुजारा गर्ने अवस्था पनि नहुँदा दमरेहरूमा निराशा बढेको चित्र देखाउँछ । त्यस्तै, रेडियोमा उपयुक्त जिम्मेवारी र वातावरण नपाउँदा सामाजिक परिवर्तनका लागि आफूले सोचेजस्तो योगदान गर्न नसकेको दमरेहरूले अनुभव गरिरहेको बारे पनि यहाँ चर्चा गरिएको छ ।

### *नफेरिएको आर्थिक स्थिति*

“पहिले सिक्नुपर्छ” भन्दै रेडियोहरूमा शुरूमा छ महिनादेखि वर्ष दिनसम्म स्वयंसेवकका रूपमा काम लगाइन्छ । यस अध्ययनमा समेटिएका प्रायः सबैले स्वयंसेवीका रूपमा निश्चित समय बिताएपछि मात्र न्यून पारिश्रमिकमा काम गर्न पाएका थिए । स्वयंसेवाको अवधि पार गरेपछि सामान्यतया प्रति कार्यक्रमको एक सयदेखि २५० रुपैयाँसम्म पारिश्रमिक वा मासिक २ हजार तलब सहित काम दिइन्छ । उजेली विश्वकर्माले रेडियो परासीमा करिब एक वर्षसम्म स्वयंसेवक भएर काम गरिन् । शशि परियारले स्वयंसेवकका रूपमा छ महिना बिताएपछि तलबमा काम गर्न पाइन् । त्यस्तै, निशा विश्वकर्माको पनि रेडियोमा कामको शुरूआत स्वंसेवककै रूपमा भएको हो । कपिलवस्तुको रेडियोमा आएर काम गर्दा उनी विभिन्न संघसंस्थासँग समन्वय गरेर प्रायोजित कार्यक्रम रेडियोमा जुटाउँथिन् । त्यसको केही प्रतिशत उनलाई पारिश्रमिक बापत प्रायोजन गर्ने संस्थाले नै दिन्थ्यो । रेडियोले उनलाई प्राविधिक सहयोग मात्र उपलब्ध गराउँथ्यो । उजेलीले एक वर्षसम्म १० देखि ५ बजेसम्म स्वयंसेवक भएर काम गरेपछि मासिक रु. दुई हजारका दरले तलबी कर्मचारीको रूपमा काम गर्न पाएकी हुन् । करिब दश वर्ष काम गरेपछि बल्ल उनको तलब अहिले मासिक रु. दश हजार पुगेको छ । र, कुराकानी गरिएका कुनै दमरेहरूले पनि योभन्दा बढी पारिश्रमिक हात पार्न सकेका छैनन् ।

एक जना दमरे रेडियोमा काम गरेको करिब एक दशकपछि अहिले आर्थिक अभावकै कारण घरकै खेतीपातीमा लागिन् । उनी भन्छिन्, "१५ हजार रुपैयाँ कसले देला अनि सामान्य गुजारा चल्ला भन्ने आशामा कति कहिले यो वा कहिले त्यो रेडियो स्टेसनमा काम गरिरहने, अब त पुग्यो ।" उनले एक दशकको मेहनत र समय आर्थिक हिसाबले बालुवामा पानी खन्याएजस्तो महसुस गरेकी छन् । समग्रमा भन्दा घरपरिवारलाई आर्थिक रूपमा केही भरथेग गर्न सकिन्छ कि भनेर आएका दमरेहरूलाई यो कमाइले कुनै भर दिएको छैन । त्यसैले उनीहरूलाई रेडियो छोड्न घरपरिवारबाट तीव्र दबाब हुन्छ ।

## *तालिम र वृत्ति विकास*

रेडियोमा प्रवेश गर्दा आफूले पाउने जिम्मेवारी अनुसार आधारभूत तालिम लिएर मात्र पुग्दैन । सोही क्षेत्रमा आफ्नो भविष्य सुरक्षित बनाउन र पेशागत रूपमा प्रगति गर्न बेला बेलामा साना ठूला पुनर्ताजगी तथा "एड्भान्स्ड" तालिम आवश्यक पर्छ । रेडियोमा मात्र होइन समग्र नेपाली पत्रकारिता क्षेत्रमा सञ्चारकर्मीलाई कस्तो तालिमको आवश्यकता पर्छ भनेर पहिचान गर्ने र उपयुक्त व्यक्तिलाई उपयुक्त तालिमको अवसर दिने बलियो अभ्यास छैन । पहुँचका भरमा सञ्चार गृहका सीमित व्यक्ति नै पटक-पटक एकै किसिमको तालिममा सहभागी हुँदा पहुँच नहुनेले आवश्यक तालिमको अवसर पाउँदैन ।[५] यस्तो परिस्थितिमा दलित महिला रेडियोकर्मीको लागि तालिमका अवसर तुलनात्मक रूपले झन् कम नै आउँछ ।

शान्ताले रेडियोमा पाँच वर्षसम्म काम गरिन् तर त्यो अवधिमा उनले जम्मा दुई पटक मात्र तालिमको अवसर पाइन् । त्यो पनि रेडियोले उनको आवश्यकताका आधारमा छनोट गरेको नभई बाध्यतावश । एउटा संस्थाले काठमाडौँमा आयोजना गरेको संस्कृति संरक्षणबारे रिपोर्टिङ सम्बन्धी र अर्को रेडियोमा दलितको आवाज कसरी उठाउन सकिन्छ भन्ने विषयको तालिममा दलित महिलालाई नै पठाउन भनेपछि बाध्यताले उनलाई पठाइएको हो । अझ समाचार शाखाको जिम्मेवारी सम्हाल्ने व्यक्ति त त्यसरी बोलाइँदा पनि जान पाउँदैन । "तिमी गए तिम्रो सट्टामा कसले समाचार पढ्छ ?" भन्दै अरूलाई नै तालिममा पठाइन्छ । तालिममा पठाउने कुनै निश्चित प्रक्रिया नै हुँदैन । कसलाई कति पटक कहाँ पठाउने भन्ने कुरा स्टेसन मेनेजरको तजबिजमा भरपर्छ । त्यस्तोमा प्रायःजसो आफन्त पर्ने वा आफूले भनेको मान्नेलाई छानिन्छ ।

त्यसैले, दमरेहरूले वृत्ति विकासको अवसर वा शैक्षिक योग्यता बढाउने मौका पनि पाउन सकेका छैनन् । उनीहरूको इच्छा अनुसारको जिम्मेवारी र अवसर प्रदान गर्ने वा बढुवा गर्ने सम्बन्धमा रेडियोमा कुनै निश्चित मापदण्ड हुँदैन । त्यसैले उनीहरूले रेडियोमा

[५] नेपाली मिडियामा तालिमको अभ्यास सम्बन्धी विविध पाटोबारे विस्तृत जानकारीका लागि हेर्नुहोस्, हुमागाईं र अरू (२०६७) ।

खासै महत्त्वपूर्ण पद र भूमिका पाएका हुँदैनन् । प्रायःजसो दमरेहरू सांगीतिक कार्यक्रमबाट रेडियोमा प्रवेश गर्छन् । त्यसमा पनि उनीहरूलाई फोन इन कार्यक्रममा बढी अवसर दिइन्छ । यस्ता कार्यक्रममा गर्ने भनेकै फोनमा स्रोतासँग उनीहरूका हालखबर, पेशा र रुचि सोध्ने, श्रोताले इच्छा गरे अनुसारका गीत सुनाउने र त्यसै आधारमा रेडियो स्टेसनको लोकप्रियता बढाउने हो । त्यस्ता कामबाट पत्रकारितासँग सम्बन्धित खासै कुनै विषयगत ज्ञान हुँदैन न त पत्रकारिता सम्बन्धी सीपको वृद्धि हुन्छ । साथै, त्यस्ता कार्यक्रममा आफ्नो क्षमता देखाउने खासै ठाउँ हुँदैन जसले गर्दा पदोन्नतिको अवसर पनि पाइँदैन । स्टेसनमै मात्र खुम्चिनु पर्ने काममा व्यस्त हुँदा जति लामो समयसम्म काम गरेको अनुभव भए पनि रेडियोका व्यवस्थापकले फिल्डमा गएर काम गर्न सक्ने मामिलामा हतपती विश्वास गर्दैनन् । अर्कोतिर स्टेसनसँग गाडीको व्यवस्था पनि नहुँदा र दमरेहरूसँग आफ्नो स्कुटर वा छरिता सवारी साधन नहुँदा फिल्डमा जान आउन समस्या छ । घरपरिवार वा समाजले पनि महिला भएर फिल्डमा हिँडेको त्यति निको मान्दैनन् । जागिर खाने भनेको १० देखि ५ बजेसम्म कार्यालयमा बस्ने हो, हिँडडुल गर्ने होइन भन्ने आम सोचाइ छ, विशेष गरी शिक्षा र चेतनास्तर कमजोर रहेका तराईका जिल्लामा ।

सरकारी सञ्चार माध्यमको नियम अनुसार पदोन्नतिका लागि महिलालाई कम्तीमा दुई वर्ष र पुरुषलाई कम्तीमा तीन वर्ष सो पदमा काम गरेको हुनुपर्ने व्यवस्था छ । तर सामुदायिक रेडियोमा त्यस्तो कुनै व्यवस्था छैन । महिला पत्रकारको पदोन्नति हुन निकै लामो समय लाग्ने गरेको छ (सञ्चारिका समूह सन् २०१६) । यस अध्ययनका लागि कुराकानी गरिएकामध्ये दुई जना दलित महिला रेडियोकर्मीले पाँचदेखि सात वर्षसम्म एक पटक पनि पदोन्नति नभएको बताएका छन् । तीन जनाले आफूले काम गरेको अवधिमा पदोन्नति भएको बताए पनि त्यस पदमा जाने अरू कोही नभएपछि र रेडियो नै छाडेर जालान् कि भन्ने डरले मात्र पदोन्नति भएको हो । शान्ता र उजेलीले एउटै रेडियोमा पाँच वर्ष कार्यक्रम सञ्चालक भएरै काम गरे । काम भने सबै गर्नुपर्ने तर पदचाहिँ कार्यक्रम सञ्चालकको मात्रै रह्यो । उजेली भन्छिन्, “मैरै अगाडि ११ कक्षामा पढ्दै गरेकी गैरदलित महिला रेडियोकी कार्यक्रम प्रमुख बनिन्, तर १२ कक्षा पढेकी, दश वर्ष पत्रकारिता गरेकी र उक्त रेडियोमै पाँच वर्षसम्म काम गरेकी भए पनि मलाई त्यो मौका आएन ।” योग्यता र अनुभव अनुसार उजेली सहायक स्टेसन म्यानेजर बन्नुपर्ने थियो ।

अर्की दमरे शशि परियारले पनि पाँच वर्षसम्म कार्यक्रम सञ्चालक भएर काम गरिन् । पाँच वर्षपछि प्राविधिकको काम पनि गर्ने गरी प्राविधिक प्रमुख भनेर उनलाई अर्कै तिरको जिम्मेवारी थपियो । रेडियोमा काम गरेको दश वर्षको अवधिमा शान्ता परियारको एक पटक पनि बढुवा भएन । उनले सधैँ कार्यक्रम सञ्चालक मात्र भएर काम गरिन् । सधैँ एउटै पदमा बसिरहनु परेपछि पारिश्रमिक बढ्ने कुरै भएन ।

अरू कहाँ पदोन्नति वा अन्य अवसर नपाउनेले त पाएनन् नै, आफ्नै अग्रसरतामा रेडियो खोलेर नेतृत्वदायी पदमा बसेका दमरेलाई पनि त्यहाँ टिक्ने वातावरण मिल्दैन । अनेक लाञ्छना र षड्यन्त्रको शिकार बनाइन्छ । निशा विश्वकर्माको भनाइ अनुसार उनी त्यस्तै षड्यन्त्रको शिकार भइन् । पत्रकारितामा दुई दशक बिताइसकेकी उनले आफै अग्रसर भएर रेडियो खोल्नेसम्म काम गरिन् । सबथोक मिलाउँदै बुझाउँदै पोखरादेखि शुरू भएको उनको पत्रकारिता यात्रा कपिलवस्तु जिल्लामा आइपुग्दा रेडियो स्टेसन खोलीकन स्टेसन म्यानेजरसम्म पुग्यो । सो स्टेसनमा दलित र गैरदलित सबैको सेयर थियो । रेडियो सञ्चालनमा आएपछि लगत्तै निशा रेडियोको म्यानेजर बनेकी थिइन् । उनी कुनै राजनीतिक पार्टीमा समेत सक्रिय थिइन् । तर छ महिना नपुग्दै पार्टीले अह्राए बमोजिम काम नगरेको कारण उनलाई स्टेसनबाट निस्कन बाध्य पारियो ।

त्यसै गरी रेडियोका अध्यक्ष र मेनेजरसँग सम्बन्धित पार्टीको कार्यक्रम सम्बन्धी समाचार साँझको समाचारमा पढे पनि बिहान पुनः नपढेको निहुँ झिकेर शान्ता परियारलाई स्पष्टीकरण सोधियो । के कति कारणले प्रसारण भएन भनेर अध्यक्ष र मेनेजर दुवैले बैठक बसाई स्पष्टीकरण मात्र सोधेनन् रेडियो छाड्न पनि बाध्य गराए । शान्ताको भनाइ अनुसार भित्री कारण यो भए पनि बाहिर चाहिँ रकम हिनामिना गरेको भन्ने आरोप लगाइएको थियो । ती आरोप पूर्णतः झुटो भएको र आफूमाथि जालसाजी भएको उनी बताउँछिन् । उता एक दलित महिला रेडियोको उच्च तहमा पुगेको र उसको मातहतमा बसेर काम गर्नु पर्दाको हिनताबोधले षड्यन्त्र गरेर हट्न बाध्य बनाइएको निशाको ठम्याइ छ ।

रेडियोमा काम गर्दा समय नमिलेका कारण आफ्नो शैक्षिक योग्यता बढाउन नपाएको तथ्यप्रति पनि दमरेहरू उत्तिकै चिन्तित छन् । शान्ता परियारले रेडियोको समय र कलेजको समय जुध्दा पढाइलाई अघि बढाउन पाइनन् । उनी भन्छिन्, "कलेजमा बिहान ६ देखि १० बजेसम्म पढाइ हुने उता ड्युटी पनि बिहान ६ बजेदेखि २ बजेसम्म हुनाले पढाइलाई निरन्तरता दिन सकिनँ ।" उनका अनुसार बिहान कलेज जान भनेर ड्युटी बिहान १० बजेपछि गराइदिन धेरै अनुरोध गर्दा पनि भएन । त्यसो गर्ने भए रेडियोमा काम गर्न छोडिदेउ भन्ने टर्रो जवाफ उनी पाउँथिन् । तर घरको आर्थिक संकटले गर्दा उनले महिनाको पाँच हजार रुपैयाँ कमाइ हुने रेडियो पनि छाड्न सकिनन् । उनी सम्झिन्छिन्, "त्यसरी काम गर्दा समाचार पढ्ने बाहेक अरू कार्यक्रम, रिपोर्ट, अन्तर्वार्ता बनाउने खालको क्षमता विकास भएन र अन्ततः ५ वर्षसम्म काम गरेपछि रेडियो छोड्न बाध्य भएँ ।" उनले भनिन्, "दुई ओटा रेडियो स्टेसनमा काम गरेर जुन बाध्यताले रेडियोमा आएकी थिएँ त्यो अनुसार नभएपछि अहिले रेडियो छोडेर म घरमा बस्दै आएकी छु ।"

अर्की पात्र कल्पना रसाइली पनि रेडियोमा काम गर्न शुरू गरेको एक वर्ष नबित्दै बाध्यतामा परिन् । कक्षा ११ को परीक्षा दिने बेला कम्तीमा दश दिन बिदा लिनुपर्ने

भयो । त्यही बेला बुबा पनि काम गर्न विदेश जानुपर्ने भएकोले उनले एक महिना बिदा मागिन् । बिदा नपाइने भएपछि कार्यरत रेडियो छाडिन् । परीक्षा सकिएपछि लगत्तै अर्को रेडियोमा काम थालिन् ।[६]

रेडियो स्टेसनभित्र व्यक्तिको योग्यता र क्षमताका आधारमा निश्चित प्रक्रिया र मापदण्ड लागू गरी व्यवहार गर्नेभन्दा पनि स्टेसन प्रमुखको तजबिजमा काम गर्नुपर्ने अवस्था छ । त्यसैले रेडियोको स्टेसन प्रमुखलाई खुशी बनाउन नसकेमा आउने अवसर दमरेहरूका लागि दुरुह हुने गरेका छन् । हुन त यो समस्या अनौपचारिक क्षेत्र सबैतिरका दलित र गैरदलित सबैले भोग्दै आएका छन् । तैपनि अनेक खाले कठिन संघर्षद्वारा बल्लबल्ल एउटा पेशा अंगाल्न पाएका दलित महिलाले यस्ता प्रवृत्तिमाथि प्रश्न उठाउने "जोखिम" मोल्न सक्दैनन् । जसले गर्दा अरूले भन्दा उनीहरूले अवसर पाउने सवालमा थप विभेद भोग्नुपर्छ । उजेली विश्वकर्मा भन्छिन्, "रेडियो म्यानेजरसँगै पछिपछि फिल्डमा नजाँदा, उनले भनेको नमान्दा (रेडियोमा बढी समय दिनुपर्ने, स्कुटी किन्नुपर्ने) आफूभन्दा पछि पत्रकारिता पेशामा आएका, अनुभव र उमेरले समेत आफूभन्दा सानो मान्छेको अधीनमा काम गर्नुपर्छ । त्यसले रेडियोकर्मीलाई काम गर्ने जाँगर मर्छ ।" उजेलीले यिनै कारणले काम गरिरहेको एउटा रेडियो छाडेर यो अध्ययन हुनुभन्दा केही अघिमात्र अर्को रेडियोमा काम शुरू गरेकी हुन् ।

## *कार्य स्थलको वातावरण*

सामुदायिक रेडियोमा काम गर्ने दलित महिलाले लैंगिक हिंसा पनि झेल्नु परेको छ । स्टेसनमा आफूभन्दा माथिल्लो तहका पुरुष कर्मचारीले महिला कर्मचारीलाई अनेक किसिमका लालच देखाएर स्वार्थपूर्ति गर्ने बाटो अपनाउँछन् । जसबाट आफ्नो स्वार्थपूर्ति हुने देखियो त्यो महिलालाई अवसर दिने, सीप सिकाउने, अगाडि बढ्ने मौका दिन्छन् । यो परिपाटी अरू मिडिया हाउसमा समेत भइरहन्थ्यो । यसबारे केही सञ्चारकर्मीले आवाज पनि उठाएका छन् । तर लगातार हुने लैंगिक हिंसाका विषयमा समय समयमा सञ्चार माध्यममा समाचार सार्वजनिक हुँदा समेत यस विषयमा महिला पत्रकारहरू खुलेर बोल्न चाहँदैनन् । काम गर्दा आफ्नै सहकर्मीले मौखिक र सांकेतिक यौन दुर्व्यवहार गरेको अनुभव पूर्व पत्रकार मीना कैनी र सुविना श्रेष्ठले सामाजिक सञ्जालमा लेखेका छन् । पत्रकार सरला गौतमले कुनै समय रेडियोमा काम गर्दा आफ्नै हाकिमको दुर्व्यवहार र त्यसको प्रतिकारबारे बताएकी थिइन् ।[७]

[६] यो लेखन अन्तिम अवस्थामा पुग्दा (पुस २०७६ मा) उनले काम गरिरहेको रेडियो पनि छाडिसकेकी छिन् । उनी अहिले घरमै बस्छिन् ।

[७] अक्टोबर २२, २०१८ साँझ प्रसारण भएको बीबीसी नेपाली सेवामा यौन हिंसा विरुद्ध आवाज उठाइने "मी टू" अभियानको नेपालमा प्रभावबारे रिपोर्ट बजाइएको थियो । सो रिपोर्टमा

यस पृष्ठभूमिमा यो अध्ययनका पात्र दमरेहरूले पनि कुनै न कुनै प्रकारले आफूहरूमाथि दुर्व्यवहार भएको कुरालाई नकारेका छैनन् । उनीहरूले आफूसँगै काम गर्ने र आफूभन्दा उच्च तहका रेडियोकर्मीले उचित व्यवहार नगरेको गुनासो सुनाए । जस्तो, उनीहरूले कहिले “तिमी र म मात्रै फिल्ड जाउँ है” भन्ने, कुनै काम सोधेमा, “भोलि अलि छिटो आऊ वा आज अलि ढिलोसम्म बस” भन्ने, “यो काम गरिदिए वा सिकाए बापत मलाई के दिन्छयौ त ?” भन्ने, “तिमीले मेरो कुरा मान्यौ भने म फलानो फलानीजस्तै बनाइदिनेछु” भन्ने गरिन्छ । यस्ता व्यवहार सँगै काम गर्ने सहकर्मीबाट महिला रेडियोकर्मीले भोगेका छन् । यी आग्रह वा प्रस्ताव उत्तरदाताको विचारमा राम्रो मनसायले आएका थिएनन् ।

यसै सन्दर्भमा एक दमरेको अनुभव उल्लेखनीय छ । उनलाई रेडियोले एउटा कार्यक्रममा गएर त्यसको रिपोर्टिङ गर्ने जिम्मा दियो । तर रिपोर्टिङ गरेर रेडियोमा आएपछि समाचार लेख्ने अभ्यास त्यति नभएका कारण समस्या भयो । समाचार लेख्ने सिलसिलामा उनले आफूभन्दा वरिष्ठ एक पुरुष सहकर्मीको सहयोग मागिन् । तर ती पुरुष सहकर्मीले “तिम्रो काम गरिदिएमा मलाई के दिन्छौ ?” भनेर सोधे । उनले पनि सहज भावमा भनिन्, “म कार्यक्रममा जाँदा नास्ता पाएकी थिएँ । त्यही लिएर आएकी छु, त्यो नास्ता तपाईं नै खानुहोला ।” तर ती पुरुष कर्मचारीले भने, “म नास्ता त खादिनँ मलाई अरू केही चाहिन्छ ।” तिनको उत्तरमा लुकेको दुराशय बुझ्न उनलाई गाह्रो भएन । त्यसपछि उनी ती पुरुष कर्मचारीबाट टाढिइन् र केही समयपछि उक्त रेडियोमा कामै गर्न समेत छाडिन् । यसरी आफ्ना पुरुष सहकर्मीको दुर्व्यवहार कि त सहेरै काम गर्नुपर्ने नत्र भने आफै स्टेसन छोड्नुपर्ने परिस्थिति छ । किनकि आफूभन्दा वरिष्ठ पुरुष सहकर्मीले गर्ने दुर्व्यवहार विरुद्ध आवाज उठाउँदा न्याय पाइनेमा एकतिर उनीहरूलाई भरोसा छैन अर्कोतिर आफै बहिस्कृत हुने डरका कारण उनीहरू चुपचाप बस्न बाध्य छन् ।

राति राति काम सकेर घर फर्किंदा समेत महिला रेडियोकर्मीहरू यौन हिंसामा परेका छन् । घर जाने गाडी कुरेर बाटो किनारमा उभिइरहँदा “यति रकम दिन्छु जाने होइन ?” भन्ने किसिमका प्रश्न समेत सामना गरेको उनीहरूको अनुभव छ । सञ्चारगृहले राति अबेरसम्म काम गर्ने महिला रेडियोकर्मीको लागि सवारी साधनको व्यवस्था गर्न नसक्दा उनीहरू यौन हिंसामा परेका छन् ।

अर्कोतिर महिलाको शारीरिक र मानसिक अवस्थाप्रति धेरै कम मात्रै सञ्चारगृह संवेदनशील छन् । रेडियो जागरणमा कार्यरत शशि परियारले जेनतेन दुई महिना मात्र प्रसूति बिदामा बस्न पाइन् । रेडियोमा शिशु स्याहार गर्ने वातावरण नहुँदा उनलाई समस्या

---

आवाज (बाइट) दिएका महिला पत्रकारले न्यूजरुम लैंगिकमैत्री नहुनाले मानसिक तनाव हुने गरेको बताएका थिए । हेर्नुहोस्, https://www.facebook.com/BBCnewsNepali/videos/1239883982803332; पुस १४, २०७६ मा हेरिएको ।

पऱ्यो । शशि परियारकै जस्तो समस्या उजेली विश्वकर्माले पनि भोगिन् । अझ फिल्डमा हिँडिरहनुपर्ने, बिहानदेखि बेलुका अबेरसम्म पनि खट्नुपर्ने हुँदा आमा बनेपछि रेडियोकर्मी महिलाहरूलाई आफ्नो पेशालाई निरन्तरता दिनै कठिन छ । थोरै जनशक्तिबाट काम चलाइरहेका रेडियोमा कुनै कर्मचारी लामो बिदामा बस्दा समस्या त हुन्छ तर आमा र बच्चाको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका यस्ता समस्याको व्यवस्थापन गर्न रेडियोहरू संवेदनशील हुन सकेका छैनन् ।

नेपाली समाजमा महिलाहरूले जागिर खाएर मात्र पुग्दैन । उनीहरूले घरपरिवारलाई पनि उत्तिकै समय दिनुपर्छ । सबै घरधन्दा र आफ्नो परिवार एवं बालबच्चाको रेखदेख गरेर मात्र उनीहरू जागिरमा निस्कन पाउँछन् । त्यसमाथि कमाई पनि निकै कम हुने रेडियोकर्मीजस्तो पेशामा त घरायसी काममा कुनै सम्झौता गर्नुपर्ने अवस्था आए जागिर छोडिहाल्नुपर्ने दबाब रहन्छ । झन् रेडियोमा छुट्टी नै नपाउने अवस्थामा के होला ! उजेली विश्वकर्माले काम छोड्नुपर्ने अवस्था आएको पनि यस्तै कारणले हो । काम गर्ने समयबारे स्टेसन मेनेजरसँग कुरा नमिल्दा उनी काम छाड्न बाध्य भइन् । उनी रेडियोमा रेकर्डिङ गरेर प्रसारण गरिने दैनिक सांगीतिक कार्यक्रम सञ्चालन गर्थिन् । पारिश्रमिक भने मासिक तलबका रूपमा नभई कार्यक्रम अनुसार गन्ती गरेर पाउँथिन् । मासिक पारिश्रमिक नपाउने र दश किलोमिटर टाढादेखि दुई ओटा गाडी बदलेर दैनिक ७० रुपियाँसम्म भाडा तिरेर आउनुपर्ने भएकोले हप्तामा दुई दिन स्टेसन आएर हप्ता भरिकै कार्यक्रम रेकर्ड गर्थिन् । यसबाट आउने जाने समयका साथै खर्च पनि बँच्थ्यो । तर मेनेजरले स्कुटर किनेर दिनदिनै आउनुपर्छ भन्ने दबाब दिइरहन्थे । उनले पनि कार्यक्रमको अंक गनेर पारिश्रमिक दिने भएपछि "म किन सातै दिन रेडियोमा आएर काम गरौँ" भनेर आफ्नो अडान राखिरहिन् । तैपनि म्यानेजरले कचकच गरिरहेपछि दिक्क लागेर उनले लामो समय काम गरेको रेडियो नै छाडिन् ।

कार्यक्रम उत्पादनमा समेत दमरेहरूले विभेदको अनुभव गर्नुपरेको छ । एकपटकको अनुभव सुनाउँदै उजेली विश्वकर्माले भनिन्, "रेडियो स्टेसनमा आउने अतिथिले पनि दलितको विषयमा बोल्नु परेपछि धोका दिएका छन् ।" एकदिन उजेलीले एकजना स्थानीय स्तरको गैरदलित राजनीतिक नेतालाई कुराकानीका लागि रेडियो स्टेसन निम्त्याइछिन् । दलितको विषयमा बोल्नुपर्छ भनेर खबर गरिए पनि फोनमा समय लिँदा विषयवस्तुबारे विस्तृत कुराकानी भएको थिएन । ती व्यक्तिसँग कार्यक्रम शुरू हुनुभन्दा अघि रेडियोमा जब विषयवस्तुबारे विस्तृतमा कुराकानी भयो तिनले असहज अनुभूति गरे । यतिकैमा मोबाइलमा फोन आएजस्तो गरेर उनी बाहिर निस्के अनि "इमर्जेन्सी पऱ्यो, म त जानुपर्ने भयो" भन्दै हिँडे । उजेलीले भनिन्, "म त अक्क न बक्क भएँ । अब तुरुन्तै के कार्यक्रम बजाउने ? मेनेजरलाई के जवाफ दिने भन्ने प्रश्न मनमा उठिरहे । पछि पुरानो कार्यक्रम प्रसारण गरी

तत्कालको यो संकट टारियो । म्यानेजरलाई यो कुरा सुनाउँदा उनले नसुनेझैँ गरे । यसमा मेरै कमजोरी भएको भन्दै आफैँले गल्ती पनि स्वीकारेँ । तैपनि कुनै प्रतिक्रिया जनाएनन् ।"

## *परिवार र समाजको व्यवहार*

खास भन्ने हो भने आफ्नै सोख वा जिद्दीले रेडियोमा काम गर्न आइपुगेका हुन् दमरेहरू । कतिपयले परिवारबाट विरोध हुँदाहुँदै यस क्षेत्रमा पाइला टेके र जति समयसम्म टिक्न सकिन्छ टिके । केहीले भने परिवार सँगको सल्लाहमै आए पनि आर्थिक वा अन्य कारणले यस क्षेत्रमा केही समय बिताएपछि पेशा छोड्नुपर्ने पारिवारिक दबाबमा पनि काम गरिरहे । तर उनीहरूले पारिवारिक प्रोत्साहन र अगाडि बढ्नको लागि साथ सहयोग भने पाएनन् । दलित महिलालाई हेर्ने सामाजिक नजर पनि सकारात्मकभन्दा बढी नकारात्मक नै रहेको छ । रेडियोमा काम गर्ने महिलालाई समाजले सकारात्मक नजरले नहेरिदिएपछि परिवारले रेडियोमा काम नगर्न झन् दबाब बढाएको छ ।

रेडियोमा काम गर्दा समय निश्चित नहुने र घर व्यवहारका कतिपय क्रियाकलापमा सामेल हुन नपाउने हुँदा परिवारले झिँजो मानेको अनुभव दमरेहरूले गरेका छन् । कहिलेकाहीँ छोराछोरीको स्कूलको रिजल्ट लिने, उनीहरूको जन्मदिन जस्ता अवसरमा पनि सँगै बस्न नपाइने हुँदा परिवारजनमा मात्रै होइन आफैमा पनि खिन्नता बढेको रेडियोकर्मीको दुःखेसो छ । रेडियोमा चाडपर्वका समयमा त उनीहरूमाथि झन् बढी कामको दबाब र बोझ हुन्छ । उदाहरणका लागि, विजयादशमी, दिपावली, नयाँ वर्षमा रेडियोहरूबीच शुभकामना बटुल्ने, विज्ञापनका जिंगल तयार पार्ने र बजाउने होडबाजी नै हुन्छ । परिवारसँग बसेर रमाउनुपर्ने बेला पनि बिदा नपाइँदा सबैले खल्लो महसुस गर्छन् । यो सबै सञ्चारकर्मीको समस्या हो । रेडियो रिपब्लिकाकी व्यवस्थापक उषा किरण पन्त भन्छिन्, "रेडियोमा चाडपर्व वा सार्वजनिक बिदामा छुट्टी हुँदैन । त्यसमा पनि तलब कम हुने, बढी काम गर्नुपर्ने हुँदा विवाहित महिला रेडियोकर्मीले परिवारमा समय र पैसा दुवै दिन सक्दैनन् । त्यसैले रेडियोमा उनीहरूलाई टिक्न गाह्रो छ ।"[८]

महिला रेडियोकर्मीले चलाएको सामुदायिक रडियो मुक्तिकी स्टेसन म्यानेजरको गुनासो छ, "मेरो परिवारले सधैँ रेडियोमा काम गर्न छोडेर घरै बस्न दबाब दिन्छन् ।" यही कारणले पारिवारिक नाता सम्बन्धमा समेत दरार उत्पन्न हुन्छ । विवाहित महिलाको घरमा कचकच चलिरहन्छ । एकजना दमरेले भनिन्, "मेरो श्रीमान्ले कि मलाई छोड् कि रेडियो छोड् भन्नुहुन्छ ।" तर दुवैलाई नछोडीकन रेडियो पत्रकारिता गर्नु भनेको केही विवाहित महिलाका लागि खुकुरीको धारमा हिँडे सरह भएको छ । दलित महिलाको काँधमा रेडियोका अनेक दायित्व, माग र अंकुश बोकेर यहाँसम्म आउन उनीहरूले धेरै

[८] पन्तसँग पुस १५, २०७५ मा गरिएको कुराकानी ।

मेहनत र संघर्ष गरेका छन् । तिनै दमरे भन्छिन्, "त्योभन्दा बढी संघर्ष मैले मेरो पारिवारिक सम्बन्धलाई जोगाउन गर्नुपरेको छ ।" पारिवारिक असहयोगका कारण महिला पत्रकारले आफ्नो काममा गुणस्तर बढाउन पनि सकेका छैनन् । कहिलेकाहीँ राति अबेरसम्म बसेर तयार गरेको समाचार रेडियोमा बजेन भने त झन् पारिवारिक तनाव उत्पन्न हुन्छ । कारण भोलि परिवारका सदस्यले "तिमी त्यति रातिसम्म अफिसमा थियौ, तिम्रो समाचार/कार्यक्रम खोई" भनेर समेत स्पष्टीकरण लिन थाल्छ । यस्तो अवस्था त महिला पत्रकारका लागि सधैँ त्रासदीपूर्ण रहन्छ ।

परिवारको सम्बन्ध र कामसँग पारिवारिक वृत्तभन्दा बाहिरका कामबीच तालमेल मिलाउन सहज छैन चाहे ती पहाडी महिला होउन् या मधेसी महिला । घरमा सीमित भइरहेका मधेसका दलित महिला पत्रकारहरू एक्कासी सार्वजनिक चासोको रेडियोमा काम गर्न पुग्दा समाजमा पनि एक किसिमको तरंग पैदा हुन्छ । सञ्चार माध्यममा काम गर्दा कुनै समय सीमा नहुने, कहिले बिहान ६ बजे निस्कनुपर्ने, कहिले राति ९ बजेसम्म अफिसमै भइने हुँदा उनीहरू बस्ने समाज र परिवारमा समेत उनीहरूलाई सहज छैन । खास गरी चेतनाको अभाव भएको ग्रामीण मधेसी समाजले महिलाको चालचलनमा अलि बढी नै चियोचर्चो गर्छ । अविवाहित महिला भए निश्चित समय तालिकाभन्दा यताउता हिँडडुल गर्ने बित्तिकै वा कसैसँग भेटघाट र कुराकानी गर्ने बित्तिकै उसको चरित्रमाथि प्रश्न उठाउन थालिहालिन्छ । कोससँग, कति बजे, कता जाँदैछे, के काम गर्छे जस्ता कुराको खोजीमा समाज र परिवारका मान्छे लागेका हुन्छन् । त्यसमाथि पनि दलित महिलाको त क्षमतामाथि शंका गर्नमा समाजका कोही पछि हुँदैनन् । दलित महिला रेडियोकर्मीले काम गर्ने अवसर पाए वा केही माथि पुगे "आफ्नो क्षमताले हो र ? इज्जत फालेर मात्रै मौका पाएकी होला" भन्ने जस्तो शंका समाजले गर्छ ।[९] यी सबै सामाजिक तथा पारिवारिक तनावबाट बच्नकै लागि कतिपय महिलाले पत्रकारिता छाडेका छन् ।

बाहिर फिल्डमा काम गर्न जाने प्रसंगमा पत्रकारितामा महिलाको क्षमतालाई विश्वास गर्नेहरू पनि कम छन् । महिला भन्ने बित्तिकै ऊ कमजोर हुन्छे, उसमा आत्मविश्वास हुँदैन, राम्रो काम गर्न सक्दिन भन्ने मानसिकताले पत्रकारिता क्षेत्रमा पनि बलियोसँग जरा गाडेको छ । महिलामा जति नै गुण र क्षमता भए पनि महिला भएकै आधारमा उसलाई

[९] यस प्रसंगमा मेरै उदाहरण पनि छ । जब मैले रेडियोमा काम गर्न शुरू गरेँ त्यसपछि टोल छिमेकका मानिसले शुरूमा को केटी हो, कस्ती छे, कसरी बोल्छे भनेर हेर्न आउने गरेका थिए । त्यसमा कौतूहलतासँगै नराम्रो नजरले हेर्ने गरेको पनि पाउँथेँ म । अलि शिक्षित, पढे लेखेकाले समेत रेडियोकर्मी महिलालाई चरित्रहीनको आरोप लगाउँथे । एक जना कथित उच्च जातकी महिलाले भनेकी थिइन्, "रेडियोमा काम गर्ने महिला इज्जत फालेर यसमा लाग्छन् ।" रोचक कुरा के थियो भने त्यसको एक वर्ष नबित्दै उनकै श्रीमान्ले रेडियो खोले र उनले त्यही रेडियोमा काम गर्न थालिन् ।

पत्याइँदैन । अन्तर्वार्ता दिने व्यक्तिहरूले समेत महिलाले पनि अन्तर्वार्ता लिन सक्लिन् र भनेजस्तो गरी हेपाहा व्यवहार देखाउँछन् । अन्तर्वार्ता दिनुभन्दा पहिले नै उनीहरूले क्षमता जाँच्नका लागि आफैँले महिला पत्रकारको अन्तर्वार्ता लिन्छन् । सबै बेलिविस्तार लाएपछि मात्रै उनीहरूले पत्याउँछन् । त्यही ठाउँमा पुरुष पत्रकार भयो भने ऊ जस्तोसुकै भए पनि जान्नेबुझ्ने हो भन्ने धारणा लिइएको हुन्छ । गैरदलितको सवालमा त यस्तो अवस्था छ भने दलित महिलाले त यस्तो परीक्षामा अझ बेसी खरो उत्रिनुपर्ने चुनैती हुन्छ ।

**अन्त्यमा,**

नेपालमा सामुदायिक रेडियोको संख्या बढ्दै जाँदा दलित समुदायका महिलालाई पनि रेडियोमा प्रवेश गर्ने अवसर प्राप्त भएको छ । शिक्षामा पहुँच बढेसँगै उनीहरू घरपरिवारको दैलो नाघ्दै बुबाबाजेले अँगाल्दै आएका परम्परागत पेशाभन्दा फरक क्षेत्रमा ज्ञान, क्षमता र सीप हासिल गर्ने अवसर जुटेको छ । आधुनिक पेशामा पनि सूचना र विचार अभिव्यक्त गर्न पाइने प्रभावकारी माध्यम रेडियोसँग जोडिन पाउँदा उनीहरूले आफ्ना अग्रजले बेहोर्न परेका जस्ता चरम जातीय विभेद र अत्याचारबाट केही मुक्ति पाएका छन् । यतिमात्र होइन, आफ्ना सन्तान रेडियोमा काम गर्ने भएपछि बुबाआमा लगायत दमरेहरूको परिवारप्रति समाज र छरछिमेकले गर्ने व्यवहारमा पनि केही नरमी आएको छ जबकि त्यस्ता हेराइ र व्यवहारमा नकारात्मक पाटो पनि नभएको भने होइन ।

जम्माजम्मीमा रेडियोमा काम गर्ने दलित महिलाहरूको आत्मसम्मान काफी मात्रामा बढेको छ । मान्छेको रूपमा समेत नगन्ने जातप्रथा र पितृसत्ताले गाँजेको समाजमा रेडियोकर्मीको परिचय सहित शिर उठाएर हिँड्ने वातावरण दमरेहरूलाई मिलेको छ । आफ्नै परिवारभित्र आवाज दबाइएकाहरूले रेडियो मार्फत दुनियाँलाई आफ्नो आवाज सुनाउन पाउँदा आत्मबल बढेको महसुस गरिरहेका छन् । गुमनाम भएर बाँचेकाहरूले आफ्नै नामबाट परिचय दिन पाएका छन् । अध्ययनमा सम्मिलित पाँच जना उत्तरदातासँग गरिएको विस्तृत कुराकानीमा सबैले यिनै पक्षलाई रेडियोमा काम गर्दाको मुख्य "उपलब्धि" ठहऱ्याएका थिए । दलित महिलाका लागि रेडियोमा प्रवेश गर्ने मोह र प्रवेश गरिसकेपछि अनेक चुनौतीबीच पनि जब्बर भएर टिक्न सक्नुका पछाडि यही आत्मसम्मानको लालसा नै प्रमुख कारण रहेकोमा कुनै सन्देह छैन । यो अध्ययन दलित महिला रेडियोकर्मीका चुनौतीमा केन्द्रित भएका कारण अघिल्ला खण्डमा रेडियोबाट दमरेहरूले पाएका यस्ता "उपलब्धि" को चर्चा गरिएको छैन । वास्तवमा यी उपलब्धिलाई नजरअन्दाज गर्न खोजिएको भने कदापि होइन ।

आत्मसम्मानका लागि रेडियो प्रतिको आकर्षण एकतिर छ भने आफ्नो र परिवारको पेट पाल्नुपर्ने बाध्यता अर्कोतिर । रेडियोमा काम गरेर पनि छाक टार्नै मुश्किल पर्ने

अवस्थाले दलित महिला रेडियोकर्मीलाई निराश तुल्याएको छ । एक्लो हुँदा र आफ्नो व्यक्तिगत खर्चको मात्र जोहो गरे पुग्ने अवस्थामा रेडियोबाट पाइने न्यूनतम पारिश्रमिक चिन्ताको विषय हुने नगरे पनि दमरेहरूका लागि समय र परिस्थिति अनुसार हाँक बढ्दो छ । परिवारको लालनपालनको भार समेत बोक्नुपर्ने अवस्था आउँदा रेडियोको जागिर उल्टै बोझ बन्न थालेको आभाष रेडियोकर्मी र उनका परिवारले गर्न पुग्छन् । त्यसमाथि रेडियो भनेर जति हाड खियाउँदा पनि मेहनत र संघर्ष गरे अनुसार अन्य सरह आफ्नो रुचि अनुसारको जिम्मेवारी नपाउँदा, समयमा क्षमता अभिवृद्धि र वृत्ति विकासको अवसर नपाउँदा काम गरिरहेको रेडियो र पेशाप्रति नै बिस्तारै मोहभंग हुन थालेको देखिन्छ । यही कारण केही व्यक्ति अर्को रेडियो स्टेसनमा जाँदा अलिक राम्रो भइहाल्छ कि भनेर एकबाट अर्कोमा चहार्छन् भने केही व्यक्ति यो क्षेत्रलाई नै माया मारेर अन्य पेशा/व्यवसायमा लागेका छन् वा घरपरिवारकै रेखदेखमा सीमित छन् । आफूले रगत-पसिना बगाएको रेडियो र रेडियोकर्मीको पेशाबाट अलग्गिने हद सम्मको दिग्दारीको विकासले रेडियोकर्मी, रेडियो चलाउने संस्था र पत्रकारिता क्षेत्रलाई नै घाटा पुऱ्याइरहेको छ ।

दमरेहरूको समग्र अवस्थाबाट के थाहा हुन्छ भने आफूलाई "सामुदायिक रेडियो" भनी दाबी गरिसकेपछि समावेशी पनि देखिनुपर्ने कारणले सामुदायिक रेडियोहरूले दलित महिलालाई पनि प्रवेशको अवसर त दिन्छन् तर उनीहरूलाई काम गर्ने उचित वातावरण निर्माणतर्फ भने उनीहरूको कुनै चासो देखिएको छैन । यसको अर्थ कम्तीमा पनि अध्ययन गरिएका यी दुई जिल्लाका हकमा दमरेहरू सस्तोमा उपलब्ध तल्लो तहका श्रमिक बन्न पुगेका छन् । दलित महिलाले जति हदसम्म रेडियो स्टेसनको माथिल्लो पदमा पुग्ने अवसर पाएका छन्, त्यसमा पनि विकल्पहीनताको नीति लागू भएको पाइन्छ । ती पदमा पुगेका दलित महिलाको पदोन्नतिको घटना हेर्दा अन्यले रेडियो स्टेसन छोडेर गइसकेपछि अन्तिम विकल्पका रूपमा उनीहरूलाई त्यहाँ लगिएको देखिन्छ । हाल सम्मको सामान्य अवस्था हेर्दा योग्यता र क्षमताका आधारमा प्रतिस्पर्धात्मक विधिद्वारा आफ्नो रेडियो करिअरको सिँढी चढ्ने अवसर दलित महिला रेडियोकर्मीले हतपती पाउँदैनन् ।

## धन्यवाद

प्रस्तुत विषयमा अनुसन्धान गर्न प्रोत्साहन गर्ने सोहन प्रसाद साह र अनुसन्धान तथा लेखनका लागि आर्थिक सहयोग सहित क्षमता विकास गर्न सघाउने मार्टिन चौतारीलाई धन्यवाद छ । विभिन्न सूचना तथा जानकारी कपिलवस्तु र रुपन्देहीका सामुदायिक रेडियोमा काम गरिरहनुभएका वा गरेर छाड्नुभएका दलित महिला रेडियोकर्मीले दिनुभएको थियो । उहाँहरूप्रति धैरै आभारी छु । लेखको अवधारणा तयार पार्ने बेलादेखि नै मेन्टरिङ गर्ने मस्यौदा परिमार्जनका लागि बारम्बार सुझाव दिने र सम्पादन मार्फत यो लेखलाई यस

अवस्थासम्म ल्याइपुऱ्याउन सहयोग गर्ने मार्टिन चौतारीका अनुसन्धाता देवराज हुमागाईंलाई धन्यवाद । साथै, यो लेखलाई परिमार्जनकै क्रममा सघाउने अर्जुन पन्थीप्रति पनि आभारी छु । यसमा भएका त्रुटि एवं कमीकमजोरी भने मेरै हुन् ।

## सन्दर्भ सामग्री

केसी, माया । सन् २०१९ । मधेशबाट पत्रकारितामा उठेको यो आवाज : कथा सोना खटिकको । *हुलाकी न्यूज* । जनवरी १३ । www.hulakinews.com/tag/sona-khatik/ मा उपलब्ध; चैत १३, २०७५ मा हेरिएको ।

खटिक, सोना । २०७६ । स्वतन्त्रताको म्याराथन । *नयाँ पत्रिका* (झन् नयाँ), जेठ ११, पृ. ज ।

पौडेल, मनोज । २०७५ । अनि पत्रकार भइन् । *कान्तिपुर* (फिचर), मंसिर २८, पृ. १० ।

विभास, नवीन । २०७५ । त्यसपछि सोना पत्रकार भइन् । *अन्नपूर्ण पोष्ट* (फुर्सद), असोज १३ । http://annapurnapost.com/news/109453 मा उपलब्ध; चैत १३, २०७५ मा हेरिएको ।

हुमागाईं, देवराज, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थी । २०६७ । *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* । काठमाडौँ : मार्टिन चौतारी ।

Sancharika Samuha Nepal. 2016. *Women Journalists in Nepal: Research on Professional Status of Women Journalists in Nepal.* Kathmandu: Sancharika Samuha Nepal.

The World Bank. 2018. A Fearless Voice. https://www.worldbank.org/en/news/feature/2018/12/04/a-fearless-voice मा उपलब्ध; चैत १३, २०७५ मा हेरिएको ।